## पहिलो नगरसभाका निर्णयहरु

**निर्णय नं. १:**

नगरसभा सञ्चालन कार्यविधि २०७४ बमोजिम धनगढी उप-महानगरपालिकाका प्रमुखले आज पहिलो नगरसभाको बैठकमा पेश गर्नु भएको आगामी आर्थिक वर्ष २०७४/०७५ को वार्षिक नीति, कार्यक्रम तथा बजेट सहित तपसिलका विवरणहरू समावेश भएको बिनियोजन विधेयकलाई नगरसभा सञ्चालन कार्यविधि २०७४को दफा १६(२) बमोजिम पारित गर्ने निर्णय गरियो ।

(त्यसको विस्तृत विवरणहरू रहेको अनुसूचिलाई यसै निर्णय पुस्तिकामा टाँस गरिएकोछ ।

(क) गत आर्थिक वर्ष २०७३/०७४ को यथार्थ आय-व्ययको विवरणहरू ।

(ख) आगामी आर्थिक वर्ष २०७४/०७५ को बजेट वक्तव्य मार्फत प्रस्तुत नीति तथा कार्यक्रमरू

(ग) आगामी आर्थिक वर्ष २०७४/०७५ को लागि १ अर्व १४ करोड ४१ लाख ५९ हजारको वार्षिक आय-व्यय अनुमानका विवरणहरू । (अनुसुची - १)

(घ) आगामी आर्थिक वर्ष २०७४/०७५ को वार्षिक योजना तथा कार्यक्रमहरू सहितको नगर विकास योजना । (अनुसुची - २)

**निर्णय नं. २:**

स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ११८ (क) तथा स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन बमोजिम गठित राजश्व परामर्श समितिको विभिन्न मितिहरूमा बसेको बैठकबाट प्राप्त परामर्श, सुझावहरू र राजस्व संभाव्यता अध्ययन तथा प्रक्षेपण प्रतिवेदनको सिफारिशका आधारमा विधेयक समिति तथा नगर कार्यपालिकाबाट आगामी आर्थिक बर्ष ०७४/०७५ का लागि सिफारिश भएका कर, दस्तुर, शुल्कका दरहरू, करछुट सम्बन्धी प्रस्ताव समावेश भएको आर्थिक विधेयकलाई पेश भए बमोजिम पारित गर्ने निर्णय गरियो ।

(अनुसुची ३)

**निर्णय नं.३:**

यस धनगढी उप महानगरपालिका कार्यालयको लागि पेश भएको संगठन स्वरूप, कर्मचारीको सावीक बमोजिमको दरबन्दी विवरण स्वीकृत गर्दै नगरपालिकाको O and M survey भई कर्मचारी समायोजनको कार्य भै सके पछि तत् तत् महाशाखामा रहने दरबन्दी स्वीकृत गर्ने अधिकार कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो । (अनुसूचि ४)

**निर्णय नं.४:**

स्वीकृत दरबन्दी अनुसारका कर्मचारीहरूलाई नेपाल सरकारले निर्धारित गरे अनुसारको तलब भत्ता तथा साविक बमोजिमको स्थानीय भत्ताको आधार बमोजिम तयार पारिएको चालु आ.व. २०७४/०७५को संलग्न वार्षिक तलबी प्रतिवेदनलाई स्वीकृति प्रदान गर्ने निर्णय गरियो । साथै बिषयगत कार्यालयबाट पछि समायोजन भई आउने कर्मचारीहरूको तलबी प्रतिवेदन पास गर्ने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:**

कार्यालयको स्वीकृत दरबन्दी अन्तरगतका रिक्त रहेका पदहरूमा कार्यालयको आवश्यकताको आधारमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५२ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१७ बमाजिम योजना सम्बन्धी प्राविधिक कार्य, स्वास्थ्य, विद्युत, खानेपानी, फोहरमैला व्यवस्थापन, कार्यालय सुरक्षा, हेरचाह र उपकरणहरूको परिचालन आदि जस्ता प्राविधिक कार्यहरूको सेवा करारबाट व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ६:**

कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरूको सेवा सुविधा सम्बन्धी शर्तहरू समान पदका लागि समान एकरूपता कायम गर्ने र शहरी स्वास्थ्य सेवा केन्द्र, फोहरमैला व्यवस्थापन लगायत यस कार्यालयमा विभिन्न मिति देखि हालसम्म अविच्छिन्न रूपमा सेवा करारमा कार्यरत सबै कर्मचारीहरूको म्याद अर्को व्यवस्था नभएसम्मको लागि २०७५ साल आषाढ मसान्त सम्म थप गर्ने र निजहरूलाई हालसम्म भुक्तानी गरिएको तलब भत्ताको रकमलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

कार्यालयबाट भएको वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत सम्भार गर्नुपर्ने सामानहरूको उचित समयमा मर्मत सम्भार गर्ने र लिलाम बिक्री गर्नुपर्नेको हकमा लिलाम बिक्री गर्ने कार्यलाई निरन्तरता प्रदान गर्ने साथै प्रचलित कानून बमोजिम सरकारी कागजात धुल्याउने सम्बन्धी काम कारवाही अगाडि बढाउन नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८:**

कार्यालयद्वारा गत आ.व. २०७३/०७४ मा सञ्चालन गरी सोही आ.व.भित्र सम्पन्न भई जाँचपास तथा फरफारक समितिबाट सिफारिस भै आएका योजनाहरूको विवरणलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

गत आ.व. ०७३/०७४ को दोस्रो चौमासिक अवधिमा सम्पन्न भएको सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन पेश भै छलफल हुंदा उक्त प्रतिवेदनले दिएका सुझवाहरूलाई आत्मसात गरी आगामी दिनहरूमा उक्त सुझावहरू कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:**

यस धनगढी उप महानगरपालिकामा नगरपरिषदका बैठकहरूबाट गठन भै हालसम्मको अवधिमा समेत क्रियाशील रहेका कानूनमा व्यवस्था भएका अतिरिक्त पेश्की तथा बेरूजु फछ्र्यौट समिति, सुशासन व्यवस्थापन समिति, जाँचपास तथा फरफारक समिति, बोलपत्र मूल्यांकन समितिलाई अर्को व्यवस्था नहुंदा सम्मको लागि निरन्तरता प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:**

नगरस्तरीय यातायात गुरूयोजना (MTMP) तर्जुको अन्तिम चरणमा रहेकोले सरोकारवालाहरू संग छलफल पश्चात उक्त यातायात गुरूयोजना, धनगढी उप महानगरपालिकाको एकिकृत शहरी विकास योजना ( IUDP), Building by Laws निर्माणको चरणमा रहेको र उक्त योजनाहरू निर्माण सम्पन्न भए पश्चात उक्त योजनाहरूलाई स्वीकृत गरी लागु गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:**

दमकल ईकाईमा कार्यरत कर्मचारीहरूलाई विगत वर्षदेखि मासिक रूपमा राशन भत्ता स्वरूप रू २५००।- उपलब्ध गराउदै आएकोमा उक्त रकममा मासिक रू ५००।- थप गरी आगामी आ.व. २०७४/०७५ देखि मासिक राशन भत्ता रू ३०००।- प्रदान गर्ने गरी २०७४/९/२९ मा सम्पन्न दोस्रो नगरपरिषद्ले गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निणय नं. १३:**

कार्यालयको चालु आ.व.०७४/०७५को स्वीकृत बार्षिक कार्यक्रममा कतिपय बिषयगत कार्यालयहरूका कार्यक्रम तथा बजेट समावेश हुन नसकेको अवस्थामा यसको कार्यान्वयन गर्दा जटिलता आउन सक्ने देखिएकोछ । तसर्थ बिषयगत कार्यालयको बजेट तथा कार्यक्रम समावेश, थपघट गर्न तथा आवश्यकता अनुसार अन्य कार्यक्रम तथा बजेट समावेश तथा थपघट गर्नु पर्दा आवश्यकता र औचित्यताको आधारमा बजेट र कार्यक्रमहरूलाई संसोधन गरी अनुमोदनका लागि त्यस पछि लगत्तै बस्ने नगरसभा अधिवेशनमा पेश गर्न तथा नगरसभा नबसेको अवस्थामा नगरसभाले गर्ने कार्य गर्नको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४ :**

विभिन्न मितिमा विभिन्न प्रयोजनको लागि गठन हुने समितिले पेश गरेका प्रतिवेदनहरूको कर्यान्वयनको प्रक्रियामा लैजाने र त्यस्ता प्रतिवेदनलाई अनुमोदनको लागि त्यस पछि बस्ने नगरसभामा पेश गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ :**

उपमहानगरपालिका कार्यालयको न.पा.बोर्डले २०७३/९/२९ देखी २०७४ आषाढ मसान्त सम्म भए गरेका सम्पूर्ण निर्णयहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६ :**

नगरसभा, नगर कार्यपालिका तथा कार्यालयलाई विपक्षी बनाई विभिन्न अदालतहरूमा पेश हुने रिट निवेदनका सम्बन्धमा उक्त अदालतबाट लिखित जवाफ माग भै आएमा लिखित जवाफ पेश गर्ने लगायत उक्त रिट निवेदनमा सम्पूर्ण कार्य गर्ने अख्तियारी उप महानगरपालिका कार्यालयका कार्यकारी अधिकृतलाई प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७ :**

राष्ट्रिय भवन संहित, २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ र परिमार्जित सडकको सडक क्षेत्र अधिकार (Right Of Way) २०७२ लाई कार्यान्वयनमा ल्याई प्रभावकारी बनाउने र भवन संहिता विना वनेका घरहरू मध्ये कुनै घरधनीले आफ्नो घर भूकम्पबाट जोगाउन सवलीकरण (Retrofitting) गर्न चाहेमा लाग्ने दस्तुरमा ५० प्रतिशत छुट दिई प्रोत्साहन गर्ने तथा शैक्षिक एवं सामाजिक संघसंस्थाहरूको भवन निर्माणलाई अनुदान सहयोग गर्दा

राष्ट्रिय भवन संहित, २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ अनुसार गर्न अनुदान दिने निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १८ :**

उप महानगरपालिका क्षेत्र भित्र व्यवसाय गरी बसेका तर करका दायरामा आवद्ध नभएका सबै करदाताहरूलाई करको दायराभित्र ल्याउन करदाता सचेतना र करदाता शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने र कर संकलनका लागि घरदैलोमा टोली परिचालन गर्ने कार्यका साथै नियमित तथा समयमै कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं.१९ :**

यस धनगढी उप महानगरपालिकाका कर्मचारीहरूले नगरसभा अधिवेशनको तयारीमा कार्यालय समय बाहेक विहान वेलुका तथा सार्वजनिक बिदाका दिनमा समेत खटिई काम गरेको हुंदा निजहरूले खाईपाई आएको तलबको (शुरू तलब स्केल) आधारमा मिति२०७४/४/१५ देखी ऐ २४ गते सम्म जम्मा १० दिनको रकम सम्पूर्ण कर्मचारीहरूलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २० :**

धनगढी उप महानगरपालिकाका पदाधिकारीहरूको आचार संहिता २०७४ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१ :**

उप-महानगरपालिकाको दोस्रो नगरपरिषद्ले यस आ.व.२०७४/०७५ मा कार्यान्वयन गर्ने गरी पारित गरेका सम्पूर्ण योजनाहरूलाई अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२ :**

उप-महानगरपालिकाको दोस्रो नगरपरिषद् भन्दा अगाडिका विभिन्न परिषद्बाट पारित भएका वा वोर्ड बैठकबाट निर्णय गरी पछि परिषद्बाट अनुमोदन गराई कार्यान्वयनमा रहेका अधुरा योजनालाई स्रोतको व्यवस्थापन गर्दै क्रमिक रूपमा कार्यान्वयनमा जोड दिने । सोही प्रक्रियाबाट पारित वा निर्णय भएका भएतापनि कार्यान्वयनमा नरहेका योजनाहरूलाई यसै सभाबाट खारेज गरी कार्यान्वयन नगर्ने निर्णय गरियो ।

**निर्णय नं. २३ :**

नगर कार्यपालिकाले विभिन्न मितिमा विभिन्न बिषयमा गरेका निर्णयहरूको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४ :**

यस नगरसभाले पारित गरेका आर्थिक ऐन, बिनियोजन ऐन, विभिन्न दफामा गरेका निर्णयहरू तथा नगरसभामा पेश भई पारित भएका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा कुनै कार्यविधि बनाउन आवश्यक भएमा त्यस्ता कार्यविधि बनाई लागु गर्न नगर कार्यपालिका स्वीकृती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५:**

नगरपालिकाले असुल उपर गर्नु पर्ने मनोरञ्जन कर लामो समय देखी असुल उपर हुन नसकी वक्यौता रहन गएको हुंदा वक्यौता करलाई यथाशिघ्र असुल उपर गर्ने र आगामी दिनमा मनोरन्जन करलाई व्यवस्थित गरी समयमा सहज ढंगले असुल उपर गर्ने व्यवस्थाका लागि सम्बन्धित करदाता संग छलफल गरी प्रक्रिया अगाडी बढाउन सम्बन्धित समितिलाई निर्देशन दिने निर्णग गरियो ।

**निर्णय नं. २६ :**

गैरसरकारी संस्थाहरूबाट यस धनगढी उप-ममहानगरपालिका क्षेत्र भित्र कार्यान्वयन गर्ने गरी पेश भएका कार्यक्रमहरूलाई पारित गर्ने निर्णय गरियो । उप-ममहानगरपालिका क्षेत्र भित्र कार्यक्रम कार्यान्वयन गर्ने छुट भएका अन्य संघ संस्थाहरूका कार्यक्रमहरू पेश भए पछि परित गरी कार्यान्वयनमा लैजाने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७ :**

उप-महानगरपालिकाको पहिलो नगरसभा अधिवेशनको उद्घाटन गरिदिनु भएका प्रमुख अतिथि व्यवस्थापिका संसदका मा.सांसद पुष्करनाथ ओझाज्यू लगायत विशिष्ट अतिथि, अतिथिज्यूहरू प्रति धन्यवाद प्रकट गर्ने र उक्त नगरसभा अधिवेशनलाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने राजनैतिक दलहरू, सरकारी तथा गैर सरकारी निकायहरू, नागरिक समाज, नागरिक सचेतना केन्द्रहरू, टोल विकास संस्थाहरू समाजसेवी, लब्ध प्रतिष्ठित महानुभावहरू, सञ्चार कर्मी मित्रहरू लगायत धनगढी उपमहानगरबासी दिदी बहिनी तथा दाजुभाइहरू र यस उप-महानगरपालिका कार्यालयका सम्पूर्ण कर्मचारीहरू प्रति धन्यवाद प्रकट गर्ने निर्णय गरियो ।

प्रथम नगरसभा अधिवेशन आज २०७४/०४/२३ गते अन्त्य गरियो ।